**दलित गैर सरकारी संस्था महासंघको अपिल**

**जनआन्दोलन**२०६२–२०६३ को जनादेश अनुसार सात राजनीतिक दल सरकारी र नेकपा माओवादीवीच संविधान सभाको मार्फत मुलुकलाई अग्रगमनतर्फउन्मुख गराई लोकतन्त्रको संस्थागत विकास र राज्यको पुर्नसंरचना गर्ने सवालमा खासगरी विभिन्न जनसमुदायहरुको व्यापक संलग्रता र भुमिका रह्यो ।राज्यको स्रोत साधन र राज्य संचालनको हिस्सेदारी न्यायोचित एंव समानुपातिकरुपमा एकात्मक राज्य व्यवस्थाले सम्वोधन गर्न सक्दैन भन्ने नै जनआन्दोलनको ठम्याई हो ।त्यसले यो स्पष्ट गरेको छ कि समानुपातिक प्रतिनिधित्वसहितको संघिय समावेशी लोकतान्त्रिक गणतन्त्र नै भावी नेपालको शाखा हुनुपर्दछ ।

जनआन्लोलनमा दलित महिला आदिवासी जनजाति मधेसी अपाङ्ग लगाएत उपक्षित र उत्पीडित वर्ग र क्षेत्रका भूमिकाको नजरअन्दाज गर्दै राज्यले अवलम्वन गरेका नीतिले ती समुदायको आकांक्षा र भावनाको पूर्णरुपमा संवोधन गरेका छैन ।

अतः उनीहरुलाई राज्यको हरेक क्षेत्रमा समानुपातिक समावेशीकरणविना देशमा दिगो शान्ति स्थापना गरी विकासको गति अगाडि बढ्न नसक्ने हुनाले नै राज्यको सबै निकायका हरेक तहमा समानुपातिक प्रतिनिधित्व गर्नु पर्नेमा दलित गैरसरकारी संस्था महासंघ ९म्लँ० र यसका ३०० सदस्य संस्थाका तर्फवाट हार्दिक अपिल गर्दछौ ।

हाम्रा मागहरु :

- संविधान सभाको अपरिर्वनिय तिथि तय गरियोस् ।
- राष्ट्रिय दलित आयोगलाई सर्वाधिकार सम्पन्न बनाइयोस् ।
- संविधान सभाको समानुपातिक निर्वाचन प्रणाली मार्फत दलित समुदायको समानुपातको प्रतिनिधित्व सुनिश्चित गरियोस् ।
- संसदको विशेष अधिवेशनवाट पारित समानुपातिक निर्वाचन प्रणाली एवं सघिय लोकतान्त्रिक गणतन्त्रको निर्देशनात्मक आदेश तत्काले कार्यन्वयन गरियोस ।
- राज्यको सबै निकायको हरेक तहमा दलित समुदायको २० प्रतिनिधित्वको सुनिश्चित गरियोस् ।

सम्माननीय प्रधानमन्त्री न्यू
प्रधानमन्त्रीको कार्यालय ,सिंहदरबार ,काठमाण्डौ

विषय : सात दिने अल्टिमेटम ।
महोदय,

विषय २३९ वर्षो हिन्द सामन्ती-ब्राह्मणवादि राजतन्त्रात्मक राजनैतिक आर्थिक तथा सास्कृतिक संरचनाका बिरुद्ध चल्दै आएका नेपाली जनताको संर्घषको उत्कर्ष २०६२-६३ को जनआन्दोलन र दश बर्षो जनयुद्धपश्चात नेपाली जनताको भाग्यको फैसला गर्ने दिशामा अन्तरिम संविधान निर्माण एवं दुई-दुई पटकको संशोधनको प्रकियामा समाजको पींधमा रहेका नेपाली दलित समुदायका आधारभूत माग र आकांक्षालाई न्यायपूर्ण ढंगले सम्बोधन गर्न सालिनतापूर्वक गरिएका अनुरोध-आग्रहलाई उपेक्षा गरिएकाले बाध्य भएर हामी आन्दोलन भएको यर्थाथ अवगत नै छ ।त्यसकममा विगत श्रावण ९ गतेदेखि देशव्यापी जनप्रर्दशन मसाल जुलुस हु“दै भाद्र १ गते चितवन बन्द र भाद्र ५ गते काठमाडौं उपत्यका वन्दका लगाएतका कार्यमार्फत सरकारलाई हाम्रो आक्रोशित मनस्थिति अवगत गराईरहेका छौ ।हामी चाहान्छौ कि दलित समुदायका माग र आकांक्षालाई समयमा नै सहि सम्वोधन होस् र निर्धारित मितिमै संविधान सभाको निर्वाचन सम्पन्न होस् । त्यस सर्न्दभमा नेपाल सरकारले हामी सहित देशका विभिन्न दलित संगठनहरुमा गत श्रावण ३२ गते प्रारम्भिक वार्ता प्रकिया शुरु गर्नुलाई हामीले स्वागत योग्य नै ठानेका छौ । तर वार्ता प्रकियालाई निश्कर्ष लैजान सरकारले उत्साह नदेखिएकोमा हामि अचम्मित छौं ।

हामी नेपाली दलित समूदायका मागलाई पुरा बनाउन जनआन्दोलनमा उत्रिसकेकाले खालि हात फर्कन सक्दैनौं ।साथै हाम्रा आन्दोजन कुनै खास पार्टि राजनितिक समुहको निहित स्वार्थ पूर्तिका निम्ति होईन ।बरु

सम्पूर्ण दलित आकांक्षाको प्रतिध्वनि हो भन्ने यथार्थ पनि नेपाल सरकारलाई जानकारी भएको छ भन्ने हामी ठान्दछौं ।
यस स्थितिमा समग्र राष्ट्रिय राजनितिको जटिलतालाई मध्यनजर राखि दोश्रो चरणको कार्यक्रम घोषणा गर्नुभन्दा पहिले सरकारको गम्भीर ध्यानाकर्षण गराउन तपाई मार्फत यो अल्टिमेटम पत्र प्रस्तुत गरेका छौं ।हामी चाहान्छौ –आगामी सात दिन भित्र वार्ता प्रकियामार्फत ठोस रुपमा हाम्रा मागलाई सम्बोधन गरियोस् ।दोश्रो चरणको आन्दोलनमा जान हामी बाध्य हुनेछौ र त्यसबाट राष्ट्रिय र राजनितिमा उत्पन्न हुने जस्तोसुकै परिस्थितिको जिम्मेवार हामी हैन, बरु नेपाल सरकार नै हुनेछ ,धन्यवाद ।
(तिलक परिवार )
संयोजक
संयुक्त गणतान्त्रिक दलित मोर्चा,नेपाल

बोधार्थ १.सम्माननीय सभामुख सुवाषचन्द्र नेम्वाङ ज्यू, अन्तरिम व्यवस्थापिका संसद
२.माननीय मन्त्री रामचन्द्र पौडेल ,शान्ति तथा पुनर्निमाण मन्त्रालय ।
मिति २०६४,भाद्र ७

संयुक्त गणतान्त्रिक दलित मोर्चाका मागहरु :

- संघिय लोकतान्त्रिक गणतन्त्र-घोषणा गर †
- निर्धारित मितिमा संविधानसभाको–निर्वाचन गर †
- संविधानसभाको निर्वाचनमा समावेशी,समानुपातिक प्रणाली -लागू गर †
- छुवाछुत-भेदभावलाई गम्भिर सामाजिक अपराध -घोषणा गर †
- संवैधानिक दलित अधिकार आयोगको-व्यवस्था गर †
- रायमाझी आयोग प्रतिवेदनका अपराधीहरुलाई तत्काल-कारवाही गर †
- धर्मनिरपेक्ष राज्यको घोषणालाई व्यवहारमा तुरुन्त -कार्यान्वयन गर †
- दलित समुदायमा निम्ति उच्च शिक्षासम्म छात्रावृत्तिसहित निःशुल्क शिक्षाको-व्यवस्था गर †
- दलित समुदायका मागहरु तत्काल शुरु गर्न वार्ता प्रकिया -शुरु गर †
- दलित एकता -जिन्दावाद †
- संयुक्त गणतान्त्रिक दलित मोर्चा,नेपाल-जिन्दावाद †

संयुक्त गणतान्त्रिक दलित नेपालको पहिलो चरणको संर्घष यसप्रकार छ :

सयुक्त गणतान्त्रिक दलित मोर्चाका मागहरु :
१.संघिय लोकतान्त्रिक गणतन्त्र–घोषणा गर †
२. निर्धारित मितीमा संविधानसभाको –निर्वाचन गर †
३. संविधानसभाको निर्वाचनमा समावेशी, समानुपातिक प्रणाली लागु गर †
४.छुवाछुत–भेदभावलाई गर्मभिर सामाजिक अपराध –घोषणा गर †
५.संवैधानिक दलित अधिकार आयोगको –व्यवस्था गर †
६.रायमाझी आयोग प्रतिवेधनका अपराधिहरुलाई तत्काल–कारवाहि गर †
७.धर्मनिरपक्ष राज्यको घोषणालाई व्यवहारमा तुरुन्त –कार्यन्वयन गर †
८.दलित समुदायका निम्ति उच्च शिक्षासम्म छात्रावृतिसहित निःशुल्क शिक्षाको–व्यवस्था गर †
९.दलित समुदायका मागहरु तत्काल शुरु गर्न वार्ता प्रकिया –शुरु गर †
१०.दलित एकता –जिन्दवाद †

११.संयुक्त गणतान्त्रिक दलित मोर्चा, नेपाल–जिन्दवाद !

संयुक्त गणतान्त्रिक दलित नेपालको पहिलो चरणको संघर्षका यसप्रकार छ ।

- साउन ९ गते प्रधानमन्त्रिलाई स्मरण–पत्र बुझाइएको ।
- साउन १०–१२ गते राजनैतिक पार्टीको कार्यलयमा डेलिगेसन सम्पन्न ।
- साउन १३ गते काठकाडौंमा विरोध र्‍याली, धर्ना वृहत मसाल जुलुस सानादार रुपमा सम्पन्न ।
- साउन १४–२४ सम्म देशव्यपी पर्चा वितरणा, अन्तरक्रिया र जागरण सभाहरु सम्पन्न ।
- साउन २५ गते देशव्यापी मसाल जुलुश वृहत रुपमा सम्पन्न ।
- साउन २७ गते उपत्यकामा विहान १०:००–११:०० बजे चक्काजाम ।
- भदौ एक गते चितवन बन्द भव्य रुपमा सफल
- भदौ ५ गते काठमाण्डौं उपत्यका बन्द जारी
- तामा राष्ट्रिय मुक्तिमोर्चा, नेपाल मागहरु
- नगरकोट ,दोरम्बा लयागतका हत्या काण्डहरुको छानविन गरी दोषीलाई कारवाहि र घाइतेहरुको उचित उपचार व्यवस्था तथा पीडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था
- नेपालमा रहेको मातृभाषाहरुको राष्ट्रिय प्रतिठान गठन गरी अविलम्व नेपालको भाषिक सर्वेक्ष्ँण तरिकाले गरियोस् ।
- प्राथमिक देखि उच्च शिक्षँसम्म मातृभाषा पठनपाठनको अविलम्व व्यवस्था गरियोस् ।
- आत्म निर्णयको अधिका्र र जातिय स्वायत्तताको प्रत्याभूति दिई सबै सरकारी कार्यलयमा मातृभाषालाई कामकाजी भाषा बनाई अभिलेख राख्ने व्यवस्था गरियोस् ।
- आदिवासी जनजाति क्षेत्रका सबै सरकारी कार्यालयहरुमा नै साईन बोर्ड होर्डिङ बोर्ड तथा नागरिक बडा पत्रहरु राख्ने व्यवस्था गरियोस् ।
- तामाङ् स्वायत्त क्षेत्रभित्र गरिब तथा जेहेन्दार छात्र छात्रालाई छात्रावृत्तिको व्यवस्था गरियोस् ।
- नेपाल टेलिभिजनमा तामाङ् भाषाको समाचार प्रसारणको व्यवस्थाको साथै रेडियो नेपालको तामाङ् भाषाको समाचार जनचेतना तथा सूचनामूलक कार्यक्रमहरुको क्षैंत्रिय प्रसारणमा संचालन गर्ने व्यवस्था गराउन ।
- नेपाल अधिराज्यलाई सदनबाटै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गराउन ।